## प्रेस विज्ञप्ती

# सिद्धार्थ बैंकद्वारा लाभांश घोषणा

*आश्विन २५, २०८०*

मिति २०८० असोज २४ गते बसेको बैंक संचालक समितिको ४१८औं बैठकले आ.व. २०७९/८० को वितरणयोग्य मुनाफाबाट बैंकका शेयरधनीहरुलाई ४.२१% नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । बैंकको हाल कायम रहेको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१९०/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय नब्बे रुपैंया मात्र) मा ४.२१% बराबरको ५९,३१,८८,१६६/- (अक्षरेपी उनान्साठ्ठी करोड एकतीस लाख अठासी हजार एक सय छैसठ्ठी रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजनको लागि समेत) प्रस्ताव गरेको हो । उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त भएपछि तथा बैंकको आगामी साधारण सभाबाट पारित भए पश्चात् मात्र वितरण गरिनेछ ।

बैंकले आर्थिक वर्ष २०७९।८० मा रु ३ अर्ब १६ करोड खुद नाफा आर्जन गरेको छ र यस मुनाफा अघिल्लो वर्षको मुनाफाको तुलनामा रु २६ करोड अर्थात् ९.११% को वृद्धि हो । यसै गरी बैंकको वितरणयोग्य मुनाफा रु ६६ करोड कायम रहन आएको छ । खुद मुनाफाको तुलनामा बैंकको वितरणयोग्य मुनाफामा केहि संकुचन आएको देखिन्छ जसको मुख्य कारण बैंकले आर्थिक वर्ष २०७९।८० को खुद मुनाफाबाट रु १ अर्ब ४६ करोड बराबर रकम ऋणपत्रको लागि पूजी फिर्ता जगेडा कोषमा विनियोजन गरिएकाले हो । यसरी जगेडा कोषमा विनियोजित रकम ऋणपत्र परिपक्व भए पश्चात् शेयरधनीहरुलाई नै वितरण गरिन्छ । यसर्थ उक्त विनियोजित रकम रु १ अर्ब ४६ करोड समेत गणना गर्दाको अवस्थामा बैंकको वास्तविक वितरणयोग्य मुनाफा रु २ अर्ब १२ करोड कायम हुन आउँछ जुन प्रतिशतको हिसाबमा हेर्दा १५.०७% को प्रतिफल हो । यसैगरी प्रतिकुल बजार अवस्थाका बावजुद बैंकले निस्कृय कर्जाको अनुपातलाई २.०१% मा सिमित गर्न सफल भएको छ, जुन अघिल्लो त्रैमासको निस्कृय कर्जाको अनुपात ३.९५% को तुलनामा ४९.११% को सुधार हो ।

२०८० असार मसान्तमा बैंकको चुक्ता पूंजि रु. १४ अर्ब ८ करोड रहेको छ भने जगेडा कोष रु. ११ अर्ब २२ करोड रहेको छ । बैंकको नेटवर्थ रु. २५ अर्ब ३१ करोड पुगेको छ जुन अघिल्लो आर्थिक वर्षभन्दा रु. ३ अर्ब ७१ करोड ले वृद्धि भएको छ । बैंकले यस आर्थिक वर्षमा रु. ५९ करोड नगद लाभांश वितरण गरे पश्चात् पनि बैंकको नेटवर्थमा अघिल्लो आ.व. भन्दा १४.४३% ले वृद्धि हुने देखिन्छ ।

देशमा विद्यमान तरलता अभावको अवस्थामा सिद्धार्थ बैंकले World Bank Group अन्तर्गतको International Finance Corporation (IFC) बाट ५ करोड ५० लाख अमेरिकि डलर बराबरको ऋण रकम प्राप्त गर्न सफल भएको थियो । उक्त रकम हालसम्म नेपालका कुनै पनि बैंक तथा वित्तिय संस्थाले IFC बाट प्राप्त गरेको ऋण रकम मध्ये सबैभन्दा बढि हो । अन्तराष्ट्रिय ख्याती प्राप्त वित्तिय संस्थाहरुबाट सिद्धार्थ बैंकलाई स्वीकृत ऋण रकमले बैंकभित्र विद्यमान शुशासन र बैंकको सवल वित्तिय अवस्थालाई पुष्टि गर्दछ ।